# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, साउन १९ गते, २०८२ साल (अतिरिक्ताङ्क १०

## भाग १

### बागमती प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### हेटौंडा, नेपाल

बागमती प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन नं. ०५

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना**ः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (दोस्रो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ को दफा २ मा संशोधनः** मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखिएको छः-

"(ट) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

३. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को उपदफा (२) को,-

(१) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थप गरिएको छः-

"(छ१) सचिव, स्वास्थ्य विषय हेर्ने मन्त्रालय -सदस्य"

(२) "खण्ड (ण) पछि देहायको खण्ड (त) र (थ) थप गरिएको छः-

(त) निर्देशक, हेटौंडा अस्पताल -सदस्य

(थ) रजिष्ट्रार, प्रतिष्ठान -सदस्य सचिव"

४. **<u>मूल ऐनको दफा १७ मा संशोधन</u>**ः मूल ऐनको दफा १७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।"

५. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) हेटौंडा अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि स्थायी दरबन्दीमा कार्यरत प्रमुख/वरिष्ठ चिकित्सकमध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।"

६. **<u>मूल ऐनको दफा २८ मा संशोधनः</u>** मूल ऐनको दफा २८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रतिष्ठानको आन्तरिक लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।"

**प्रमाणीकरण मितिः २०८२।०४।१९**

**आज्ञाले,**
**कृष्ण बहादुर शाही**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-